# विस्तृत विवरण सहितको सूचना

## स्वावलम्बन लघुवित्त विकास बैंक लि.

केन्द्रीय कार्यालय वालुवाटार, काठमाडौं ।

### आवश्यकता

(पुनः सूचना प्रकाशन मिति :-२०७४/०३/२२)

यस बैंकबाट मिति २०७३/०१/३० गतेको गोरखापत्र दैनिकमा सहायक प्रबन्धक प्रशिक्षार्थी पदको **'आवश्यकता'** सम्बन्धी सूचना प्रकाशित गरी सहायक प्रबन्धक प्रशिक्षार्थी पद संख्या केही पूर्तिका लागि निवेदन माग गरिएकोमा प्रयाप्त मात्रामा निवेदन पर्न नआएकोले प्राप्त निवेदनहरुलाई यथावत राखी कुनै पनि अभियोगमा कारवाही नचलेको वा नभएको इच्छुक नेपाली नागरिकले **यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र** तल उल्लेखित ठेगानामा प्राप्त हुने गरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस अघि दरखास्त बुझाउने व्यक्तिहरुले पुनः पेस गर्नु पर्ने छैन । बैंकको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरु कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार बैंकमा सुरक्षित रहनेछ ।

तपसिल

१. **विज्ञापन नं., पद, न्यूनतम शैक्षिक योग्यता, काम गर्नुपर्ने क्षेत्र, आवश्यक संख्या र दरखास्त पेश गर्न सकिने स्थान :**

| विज्ञापन नं. | पद | न्यूनतम शैक्षिक योग्यता | काम गर्नुपर्ने क्षेत्र | आवश्यक संख्या | दरखास्त पेस गर्न सकिने स्थान |
|---|---|---|---|---|---|
| ८/०७३/७४ | सहायक प्रबन्धक प्रशिक्षार्थी | मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट व्यवस्थापन वा अर्थशास्त्र बिषयमा स्नातक तह उतीर्ण । | सेती, महाकाली, कर्णाली, भेरी, राप्ती अञ्चलका पहाडी जिल्लाहरु | केही | **स्वावलम्बन लघुवित्त विकास बैंक लि.का इलाका कार्यालयहरु घोराही-दाङ्ग, धनगढी- कैलाली र बैंकको केन्द्रीय कार्यालय वालुवाटार, काठमाडौं ।** |

२. **Account वा Finance बिषयमा स्नातकोत्तर तह उतीर्ण गरेकालाई विशेष ग्राह्यता दिइनेछ ।**

३. **अनुभव तथा सीप :** कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर संचालन तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

४. **उमेर :** उमेदवार हुनको लागि दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ तर महिलाको लागि उमेरको माथिल्लो हद ५ वर्ष थप हुनेछ ।

५. **प्रतियोगिताको किसिम :** (क) लिखित परीक्षा (ख) फिल्ड अवधारणा (ग) प्रयोगात्मक (कम्प्युटर संचालन सम्बन्धी) (घ) अन्तर्वार्ता ।

६. **छोटो सूची :** लिखित परीक्षाको लागि प्राप्त दरखास्तहरु बैंकको नियमानुसार छानबिन गरी प्रारम्भिक छोटो सूची तयार गरिनेछ । छोटो सूचीमा परेका उमेदवारहरुको नामावली बैंकको सूचना पाटीमा टाँस गरिनेछ र बैंकको वेभसाइट www.swbbl.com.np मा समेत राखिनेछ । छोटो सूचीमा परेका उमेदवारहरुको लिखित परीक्षा हुने मिति, समय र स्थान सम्बन्धी जानकारी राष्ट्रिय दैनिक पत्रिका मार्फत जानकारी गराईनेछ ।

७. **पाठ्यक्रम :** लिखित परीक्षाको पाठ्यक्रम बैंकको केन्द्रीय कार्यालय वालुवाटार, काठमाडौंको सूचनापाटी र बैंकको वेभसाइट www.swbbl.com.np मा प्रकाशन गरिनेछ ।

८. **परीक्षा दस्तुरः :** लिखित परीक्षाको प्रवेश पत्र लिन आउदा परीक्षा दस्तुर रु.७००।- बुझाउनु पर्नेछ । परीक्षा दस्तुर बुझाएपछि मात्र लिखित परीक्षामा सहभागी गराइनेछ । बुझाएको परीक्षा दस्तुर फिर्ता हुने छैन ।

९. **काम गर्नुपर्ने भनी तोकिएका क्षेत्रका बासिन्दालाई दरखास्त दिन प्रोत्साहन गरिन्छ ।**

१०. लिखित परीक्षा, फिल्ड अवधारणा, कम्प्युटर संचालन सम्बन्धी प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट योग्यताक्रमानुसार सिफारिस भएका उमेदवारलाई मात्र बैंकको नियमानुसार प्रशिक्षार्थीको रुपमा खटाइनेछ ।

११. प्रशिक्षार्थीको प्रशिक्षण अवधि ६ महिनाको हुनेछ । कार्य सम्पादन सन्तोषजनक नभएमा बैंकको प्रचलित कर्मचारी सेवा विनियमावली बमोजिम हुनेछ । **उक्त अवधिभर प्रशिक्षार्थी भत्ता वाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन ।** प्रशिक्षार्थीको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र बैंकको नियमानुसार परीक्षणकालमा नियुक्ति गर्न सकिनेछ ।

१२. प्रशिक्षणको लागि छानिएका उमेदवारहरुले सेवा पूर्व प्रशिक्षणमा बैंकले खटाएको जुनसुकै कार्यालयमा बसी काम गर्नुपर्ने र सो पश्चात बैंकको सेवामा नियुक्त भएमा बैंकले खटाएको जुनसुकै कार्यालयमा बसी काम गर्नुपर्नेछ । तर न्यूनतम् ५ वर्षसम्म माथि उल्लेखित विज्ञापनमा तोकिएका स्थानहरुमा अनिवार्य काम गर्नुपर्नेछ ।

१३. **पेस गर्नु पर्ने कागजात तथा विवरणहरु :**

क) सेवापूर्व प्रशिक्षणको लागि दरखास्त दिन इच्छुक हुनाको कारण सहितको निवेदन एक प्रति,

ख) आफ्नो सम्पर्क फोन नम्बर तथा इमेल ठेगाना सहितको बैंकले निर्धारण गरेको दरखास्त फारम,

ग) हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति,

घ) स्वयं प्रमाणित नागरिकता, लब्धाङ्क प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्र, कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर संचालन प्रमाणपत्र, बैंक/वित्तीय संस्थामा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र र अन्य कुनै प्रमाणपत्र भएमा सो को प्रतिलिपि एक एक प्रति,

ङ) नेपाल बाहिरको शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता प्रमाणपत्र (Equivalence Certificate) समेत अनिवार्य पेस गर्नुपर्नेछ ।

१४. दरखास्त फारम बैंकको वेभसाइट www.swbbl.com.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । दरखास्त फारम उमेदवारले स्वयंले भर्नु पर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति